# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५४ सालको ऐन नं. १२

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना** : नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. सक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नागरिक लगानी कोष (पहिलो संशोधन) ऐन, २०५४" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नागरिक लगानी कोष ऐन, २०४७ को दफा २ मा संशोधन: नागरिक लगानी कोष ऐन, २०४७ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (त) को सट्टा देहायको खण्ड (त) राखिएकोछ :-

"(त) "नागरिक एकाङ्क योजना (सिटिजन युनिट स्किम)" भन्नाले दफा १६ बमोजिम कोषले संचालन गरेको नागरिक एकाङ्क योजना सम्झनु पर्छ र सो शब्दले सर्वसाधारण, बचतकर्ता र लगानीकर्ताहरुबाट संकलन गरी जम्मा भएको पूंजी कोष र त्यस्तो पूंजी कोषलाई व्यवस्थित गर्ने योजनालाई समेत जनाउँछ ।"

(२) खण्ड (प) पछि देहायको खण्ड (प१) थपिएकोछ :-

"(प१) "ट्रष्टी" भन्नाले यस ऐन बमोजिम बचतकर्ता र लगानीकर्ताहरुबाट संकलन गरी जम्मा भएको पूंजी कोषलाई सम्बन्धित योजनाको शर्त अनुसार लगानी प्रबन्ध गर्न वा तत्सम्बन्धमा अन्य कुनै संगठित संस्थासंग भएको सम्झौता बमोजिमको दायित्व पूरा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9078

गर्नको निमित्त दफा ४३क. बमोजिम कोषले तोकिदिएको कोषको समिति, उपसमिति वा त्यस्तो समिति वा उपसमितिको सदस्य वा कोषको अधिकृत कर्मचारी सम्झनु पर्छ।"

३. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ मा रहेका "कोषको शेयर पूंजीमा" भन्ने शब्दहरुको सट्टा "कोषको शेयर पूंजी र सो को बाँडफाँड तथा बनावटमा" भन्ने शब्दहरु राखिएका छन्।

४. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएकोछ :-

"१८. लगानीकर्ता हिसाब योजना वा नागरिक एकाङ्क योजनामा रकम जम्मा गर्ने व्यवस्था : (१) स्वदेश तथा विदेशमा बसोबास गरेका नेपाली नागरिक वा अन्य कुनै विदेशी लगानीकर्ताले लगानीकर्ता हिसाब योजना वा नागरिक एकाङ्क योजनामा कोषले निर्धारण गरे बमोजिम रकम जम्मा गर्न सक्नेछ।

(२) विदेशमा बसोबास गरेका नेपाली वा अन्य कुनै विदेशी लगानीकर्ताले उपदफा (१) बमोजिम लगानीकर्ता हिसाब योजना र नागरिक एकाङ्क योजनामा रकम जम्मा गर्दा परिवर्त्य विदेशी मुद्रामा समेत जम्मा गर्न सक्नेछ।

(३) लगानीकर्ता हिसाब योजना वा नागरिक एकाङ्क योजनामा विदेशी मुद्रामा जम्मा हुने रकम र विदेशी मुद्रामा नै फिर्ता भुक्तानी गर्ने शर्त राखी योजना संचालन गर्नु पूर्व कोषले श्री ५ को सरकार र नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०९५

५. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को उपदफा (४) मा रहेका "तोकिए बमोजिम राख्नु पर्ने रकम" भन्ने शब्दहरु पछि "र लगानीका साधनमा हुन आएको पूंजीगत ऱ्हास" भन्ने शब्दहरु थपिएका छन् ।

६. मूल ऐनको दफा २३ मा संशोधन : मूल ऐनको दफा २३ को उपदफा (३) मा रहेको "संचालकको" भन्ने शब्दको सट्टा "संचालक र लेखा परीक्षकको" भन्ने शब्दहरु राखिएका छन् ।

७. मूल ऐनको दफा २५ मा संशोधन : मूल ऐनको दफा २५ को,-

(१) उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) नेपाल धितोपत्र विनिमय बजारबाट मनोनीत एक जना - संचालक"

(२) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएकोछ :-

"(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोषको शेयर पूंजीमा दफा ५ बमोजिम कुनै परिवर्तन गरिएको अवस्थामा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी शेयरवालाहरु मध्येबाट निर्वाचित हुने संचालकहरुको संख्यामा आवश्यकता अनुसार परिवर्तन गर्न सक्नेछ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १०१६

८. मूल ऐनको दफा २६ मा संशोधन : मूल ऐनको दफा २६ को उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएकोछ :-

"(छ) धितोपत्र बजारको सदस्य वा प्रतिनिधिको रुपमा बहाल रहेको व्यक्ति वा संस्था ।"

९. मूल ऐनको दफा ३२ मा संशोधन : मूल ऐनको दफा ३२ को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएकोछ :-

"(ङ१) पूंजी बजार सम्बन्धी परामर्श सेवा प्रदान गर्ने, तत्सम्बन्धी तालिम संचालन तथा अन्य कार्यहरु गर्ने ।"

१०. मूल ऐनमा दफा ३२क. र ३२ख. थप : मूल ऐनको दफा ३२ पछि देहायका दफा ३२क. र ३२ख. थपिएका छन् :-

"३२क. कोषले डिबेन्चर ट्रष्टीको कार्य गर्न सक्ने : (१) कुनै संगठित संस्थाले निष्काशन गरेको वा गर्न लागेको डिबेन्चरको सम्बन्धमा कोषले ट्रष्टीको कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषले ट्रष्टीको रुपमा कार्य गर्दा तोकिए बमोजिमको प्रकृया पूरा गर्नु पर्नेछ ।

३२ख. कोषले कस्टोडियनको कार्य गर्न सक्ने : (१) कोषले स्वदेशी वा विदेशी लगानीकर्ताहरुको तर्फबाट तिनीहरुका धितोपत्रको जिम्मा लिने, खरिद बिक्री गर्ने, गराउने वा खरिद बिक्री भएका धितोपत्रको नामसारी, दाखेल खारेज र ब्याज वा मुनाफा संकलन गर्ने कार्यहरु गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम कोषले कस्टोडियनको कार्य गर्दा तोकिए बमोजिमको प्रकृया पूरा गर्नु पर्नेछ ।"

११. मूल ऐनमा दफा ४३क. थप : मूल ऐनको दफा ४३ पछि देहायको दफा ४३क. थपिएकोछ :-

"४३क. कोषले ट्रष्टी तोक्न सक्ने : (१) यस ऐन बमोजिम बचतकर्ता र लगानीकर्ताहरुबाट कोषले संकलन गरी जम्मा गरेको पूंजी कोषलाई सम्बन्धित योजनाको शर्त अनुसार लगानी प्रबन्ध गर्न वा तत्सम्बन्धमा अन्य कुनै संगठित संस्थासंग भएको सम्झौता बमोजिमको दायित्व पूरा गर्नको लागि कोषले आफूलाई प्राप्त अधिकार र जिम्मेवारी बहन गर्न पाउने गरी कोषको समिति, उपसमिति वा त्यस्तो समिति वा उपसमितिको सदस्य वा कोषको कुनै अधिकृत कर्मचारीलाई ट्रष्टीको रुपमा काम गर्न पाउने गरी तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषले तोकेको ट्रष्टीको काम, कर्तव्यहरू तोकिए बमोजिम हुनेछ ।"

लालमोहर सदर मिति:- २०५४।९।२४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५४ सालको ऐन नं. १३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

**प्रतिलिपि अधिकार ऐन, २०२२ लाई संशोधन गर्न बनेको विधेयक**

**प्रस्तावना : प्रतिलिपि अधिकार ऐन, २०२२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,**

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिमा मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "प्रतिलिपि अधिकार (पहिलो संशोधन) ऐन, २०५४" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रतिलिपि अधिकार ऐन, २०२२ को दफा २ मा संशोधन : प्रतिलिपि अधिकार ऐन, २०२२ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) को,-

(१) उपखण्ड (१) मा रहेका "खण्डकाव्य" भन्ने शब्द पछि "महाकाव्य, संस्मरण" भन्ने शब्दहरु र "पद्य सम्बन्धी पुस्तक," भन्ने शब्दहरु पछि "अनुसन्धानात्मक कृति," भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपखण्ड (२) मा रहेका "वार्तालाप, दृश्यहरुको" भन्ने शब्दहरुको सट्टा "वार्तालाप वा श्रव्यदृश्यको" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपखण्ड (५) मा रहेका "अंशलाई सम्झनु पर्छ ।" भन्ने शब्दहरुको सट्टा "अंश, वा" भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपखण्ड (५) पछि देहायको उपखण्ड (६) थपिएको छ :-

"(६) कम्प्यूटरको सफ्टवेयर सम्झनु पर्छ ।"

(५) खण्ड (ग) को,-

(१) उपखण्ड (२) को अन्त्यमा रहेको "र" भन्ने शब्द झिकिएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपखण्ड (३) मा रहेका "खिच्ने व्यक्ति सम्झनु पर्छ ।" भन्ने शब्दहरुको सट्टा "खिच्ने व्यक्ति, र" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपखण्ड (३) पछि देहायको उपखण्ड (४) थपिएकोछ :-

"(४) खण्ड (क) को उपखण्ड (६) मा उल्लेख भएको रचनाको हकमा सो रचना विश्लेषण गरी तयार गर्ने व्यक्ति सम्झनु पर्छ ।"

३. मल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को उपदफा (२) मा रहेको "रेडियोद्वारा" भन्ने शब्दको सट्टा "रेडियो, टेलिभिजन वा अन्य विद्युतीय प्रशारण माध्यमद्वारा" भन्ने शब्दहरु राखिएका छन् ।

४. मल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को उपदफा (४) मा रहेका "वा सात रुपैयाँमा जुन बढी हुन्छ सो" भन्ने शब्दहरु झिकिएका छन् ।

५. मल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएकोछ :-

"१५. अनधिकार प्रकाशनमा प्रतिबन्ध : (१) यस ऐन बमोजिम प्रतिलिपि अधिकार प्राप्त व्यक्ति वा रजिष्ट्रारको इजाजत प्राप्त नगरी वा इजाजत प्राप्त गरेको भए तापनि कबुलियत वा इजाजतपत्रमा उल्लेख भएको शर्त बन्देजहरुको उल्लंघन गरी आर्थिक लाभ उठाई वा नउठाई देहाय बमोजिमको कुनै काम गरेमा अनधिकार प्रकाशन गरेको मानिनेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



9029

(क) व्यापारिक वा अन्य कुनै उद्देश्यले अर्काको रचनाको प्रतिलिपिहरु तयार गरी आफूलाई कुनै आर्थिक लाभ हुने गरी बिक्री वितरण गरेमा,

(ख) अर्काको रचनाबाट आर्जित प्रतिष्ठाको फाइदा उठाउने नियतले त्यस्तो रचनाको अनुकरण गरी विज्ञापन वा प्रचार प्रसार गरेमा,

(ग) अर्काको रचनाको स्वरुप वा भाषाको माध्यम परिवर्तन गरी आर्थिक लाभ उठाउने उद्देश्यले अर्कै विषय वा प्रकृतिको रचना निर्माण गरेमा,

(घ) विज्ञापन वा अन्य कुनै माध्यमबाट दर्शक, श्रोता वा पाठकलाई अर्कै रचना हो भन्ने भान पार्ने नियतले प्रत्यक्ष वा अप्रत्यक्ष रुपले कुनै कुरा निर्माण वा तयार गरी फाइदा उठाउने प्रयत्न गरेमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निम्नलिखित अवस्थामा कुनै रचनाको प्रकाशनलाई अनधिकार प्रकाशन मानिने छैन :-

(क) निजी अध्ययन, अनुसन्धान, आलोचना, पत्रपत्रिका, रेडियो, टेलिभिजन वा अदालती कारबाहीको निमित्त कुनै रचनाको उचित र आवश्यक अंश प्रकाशन गरेकोमा, वा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रकाशित नभएको कुनै रचनाबाट छोटो लेखहरु झिकी कुनै प्रकाशकले शैक्षिक संस्थाहरुका निमित्त प्रयोग गरिएको भनी रचनाको शीर्षक र रचयिताको परिचय स्पष्ट उल्लेख गरी असल नियतले शैक्षिक संस्थाहरुको निमित्त प्रकाशित गरेकोमा ।

(३) कसैले कुनै रचनाको प्रकाशन अनधिकार प्रकाशन हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्ने पर्याप्त कारण हुँदा हुँदै त्यस्तो अनधिकार प्रकाशित प्रतिलिपिलाई बिक्री वा वितरण गर्न, बालगिरीमा दिन, प्रदर्शन गर्न वा त्यस्तो कुनै कामको निमित्त राख्न वा अन्य कुनै प्रकारले त्यस्तो प्रचार वा प्रसार गर्न हुँदैन ।"

६. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएकोछ :-

"१७. अनधिकार प्रकाशन गरेमा दण्ड सजाय : (१) यस ऐन बमोजिम दर्ता भएको कुनै रचनाको अनधिकार प्रकाशन गर्ने व्यक्तिलाई कसूरको मात्रा अनुसार पाँच हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा ६ महिनासम्म कैद वा दुवै सजाय र दोस्रो पटकदेखि पटकै पिच्छे दश हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ र सो बमोजिम प्रकाशित वा वितरित प्रतिलिपिहरु समेत जफत हुनेछन् ।

(२) अनधिकार रुपमा कुनै रचनाको प्रतिलिपिहरु प्रकाशन गर्ने व्यक्तिबाट प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई परेको नोक्सानी र नोक्सानीबाट हुन सक्ने क्षतिपूर्ति समेत भराई दिइनेछ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ मा रहेका "रु. १००।- एक सय रुपैयाँदेखि रु. ५००।- पाँचसय रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "कसूरको मात्रा अनुसार पाँच हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् र सोही दफामा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएकोछ ।

८. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएकोछ :-

"१९. इजाजतपत्र बर्खिलाप काम गरेमा सजाय : कसैले दफा १० बमोजिम पाएको इजाजतपत्रको कुनै शर्त उल्लंघन गरेमा निजलाई रजिष्ट्रारले कसूरको मात्रा अनुसार एक हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।"

९. मूल ऐनको दफा २० मा संशोधन : मूल ऐनको दफा २० को,-

(१) उपदफा (१) मा रहेका "रु. १००।- एकसय रुपैयाँदेखि रु.५००।- पाँचसय रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "कसूरको मात्रा अनुसार एक हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "रु. १००।- एकसय रुपैयाँदेखि रु.५००।- पाँचसय रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "कसूरको मात्रा अनुसार एक हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

१०. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएकोछ :-

"२१. अन्य सजाय : कसैले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको अन्य कुनै कुरा उल्लंघन गरेमा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस सम्बन्धमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक निजलाई रजिष्ट्रारले कसूरको मात्रा अनुसार पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।"

११. मल ऐनको दफा २२ मा संशोधन : मूल ऐनको दफा २२ मा रहेका "श्री ५ को सरकारमा" भन्ने शब्दहरुको सट्टा "पुनरावेदन अदालतमा" भन्ने शब्दहरु राखिएका छन् ।

१२. मल ऐनको दफा २४ मा संशोधन : मूल ऐनको दफा २४ मा रहेका "सो भएको" भन्ने शब्दहरु पछि "थाहा पाएको" भन्ने शब्दहरु थपिएका छन् ।

लालमोहर सदर मितिः- २०५४।९।२४

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग,

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।